# आकाशवाणी समाचार- नेपाली

मितिः २४ दिसम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले सर्वोच्च अदालतका सेवानिवृत्त न्यायाधीश वी. रामासुब्रमण्यमलाई राष्ट्रिय मानव अधिकार आयोगको नयाँ अध्यक्षमा नियुक्त गर्नुभएको छ ।
२. केन्द्रीय गृहमन्त्री अमित शाहले भारत विरोधी संगठन र सञ्जाल पत्ता लगाउन मित्र राष्ट्रहरूसँग गुप्तचर समन्वय रणनीति विकास गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको छ।
३. विदेशमन्त्री डा एस. जयशंकर आजदेखि ६ दिने अमेरिका भ्रमणमा जानु हुनेछ।
४. केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले भोलि गुजरातको वडोदरामा माई भारत गुड गवर्नेंस पद यात्रालाई झण्डा देखाई शुरु गर्नु हुनेछ।
५. राष्ट्रिय उपभोक्ता दिवसको अवसरमा आज नयाँ दिल्लीमा आयोजित कार्यक्रमको अध्यक्षता केन्द्रीय उपभोक्ता मामिला मन्त्री प्रल्हाद जोशीले गर्नु हुनेछ।

**NHRC - अध्यक्ष**

राष्ट्रपति द्रौपदी मुर्मुले सर्वोच्च अदालतका सेवानिवृत्त न्यायाधीश वी. रामासुब्रमण्यमलाई राष्ट्रिय मानव अधिकार आयोगको नयाँ अध्यक्षमा नियुक्त गर्नुभएको छ । सेवानिवृत्त न्यायाधीश प्रियांक कानूनगो अनि डॉ० बिद्युत रंजन सारंगीलाई आयोगको सदस्य नियुक्त गरेको छ।न्यायमूर्ति रामासुब्रमण्यन सर्वोच्च न्यायालयको न्यायाधीशको रूपमा 29 जून 2023 मा सेवानिवृत्त हुनु भएको थियो। आयोगको अध्यक्षमा जुन महिनामा पूर्व न्यायाधीश अरुणकुमार मिश्रको कार्यकाल सकिएपछि यो नियुक्ति भएको हो ।

************

**प्रधानमन्त्रि - क्रिसमस**

प्रधानमन्त्री नरेन्द्र मोदीले समाजमा हिंसा फैलाउने प्रयास गर्दा आफूलाई पीडा महसुस हुने बता उनु भएको छ । हिज साँझ नयाँ दिल्लीमा इन्डियन क्याथोलिक विशप सम्मेलनले आयोजना गरेको क्रिसमस समारोहलाई सम्बोधन गर्दै श्री मोदीले केही दिनअघि जर्मनीको क्रिसमस बजारमा भएको हमलालाई उल्लेख गर्नु भयो। उहाँले यस्ता चुनौतीसँग लड्न जनतालाई एकजुट हुन आग्रह गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भारतले आफ्नो विदेश नीतिमा राष्ट्रिय हित र मानवहित दुवैलाई प्राथमिकता दिएको बताउनु भयो ।

************

**गणतन्त्र दिवस - झाँकी**

रक्षा मन्त्रालयले भनेको छ, गणतन्त्र दिवस समारोह-2025 को लागि झांकीको विषयवस्तु स्वर्णिम भारत: विरासत अनि विकास' राखिएको छ। मन्त्रालयले गणतन्त्र दिवसको परेडमा ड्युटी पथमा प्रदर्शन गर्नका लागि १५ राज्य र केन्द्र शासित प्रदेशहरूको झाँकीहरू चयन गरिएको बताएको छ। तिनीहरूमा आन्ध्र प्रदेश, बिहार, चंडीगढ़, दादरा नगर हवेली र दमन र दीव, गोवा, गुजरात, हरियाणा, झारखण्ड, कर्नाटक, मध्य प्रदेश, पञ्जाब, त्रिपुरा, उत्तराखण्ड, उत्तर प्रदेश र पश्चिम बंगाल समावेश छन्। यस बाहेक गणतन्त्र दिवस परेड-२०२५ को लागि केन्द्र सरकारका ११ वटा मन्त्रालय र विभागको झाँकी पनि छनोट गरिएको छ। चयन गरिएको झ्यालीले भारतको विविध शक्तिहरू र यसको सधैं विकसित हुँदै गइरहेको सांस्कृतिक समावेशीता, स्वर्ण भारतको सम्पदा र विकासलाई विश्वमा देखाउनेछ।

************

**अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले भारत विरोधी संगठन र सञ्जाल पत्ता लगाउन मित्र राष्ट्रहरूसँग गुप्तचर समन्वय रणनीति विकास गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको छ। नयाँ दिल्लीमा 37 औं इंटेलिजेंस ब्यूरो शताब्दी समारोहको एक व्याख्यानमा, श्री शाहले महत्वपूर्ण पूर्वाधारमा आक्रमण, साइबर आक्रमण, सूचना युद्ध र युवाहरूको कट्टरपन्थी जस्ता चुनौतीहरूको समाधान खोज्नुपर्ने आवश्यकता रहेको बताउनु भयो। इन्टेलिजेन्स ब्युरोको प्रशंसा गर्दै गृहमन्त्रीले यसको कार्यशैली, सजगता, सतर्कता र त्याग र समर्पणको परम्पराका कारण मात्र देश आज सुरक्षित रहेको बताउनु भयो । श्री शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सुरक्षा निकायले विगत पाँच वर्षमा निर्णायक लडाइँ गरेर देशका विभिन्न खतरासँग जुध्न सफल भएको जानकारी दिनु भयो । कुनै पनि सुरक्षा निकायको सफलता उसको कार्यशक्ति र कर्मचारीलाई तालिम दिने क्षमतामा भर पर्ने उहाँको भनाइ थियो । श्री शाहले गलत सूचनालाई सम्बोधन गर्न बलियो इकोसिस्टमको विकास गर्नुपर्ने आवश्यकतामा पनि जोड दिनु भयो। उहाँले आगामी दिनमा गुप्तचर तथा कानून प्रवर्तन निकायले आर्टिफिसियल इन्टेलिजेन्स–एआई र मेसिन लर्निङको प्रयोग बढाउनुपर्नेमा जोड दिनु भयो । श्री शाहले सन् २०४७ सम्ममा पूर्ण विकसित भारतको लक्ष्य हासिल गर्न सुरक्षा निकायले सम्भावित सबै खतराको परिकल्पना गर्दै देशको सुरक्षाका लागि बृहत् रोडम्याप तयार गर्नुपर्ने बताउनु भयो । उहाँले भन्नुभयो क्रिप्टोकरेन्सीका लागि ब्लकचेन विश्लेषण उपकरणहरू प्रयोग गर्ने समय आएको छ। गृहमन्त्रीले नक्कली कल र फेक इमेलका विरुद्ध तत्काल र निर्णायक कारबाही गर्नुपर्ने उल्लेख गर्दै यस्ता माध्यमबाट जनतामा डर र आतंकको वातावरण सिर्जना गर्न देशका शत्रुहरू सफल भइरहेको बताउनु भयो ।

************

**चेन्नई कला महोत्सव**

केन्द्रीय संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले हिज कलाक्षेत्र फाउन्डेशन, चेन्नईमा ७१ औं वार्षिक कला महोत्सवको उद्घाटन गर्नुभयो। महोत्सवमा कलाक्षेत्रका शिक्षक तथा विद्यार्थीहरुको कला प्रदर्शनी समेत आयोजना गरिएको छ । कला महोत्सवलाई सम्बोधन गर्दै केन्द्रीय मन्त्रीले भारतजस्तो विविधतायुक्त देशमा संस्कृतिको एकता शक्तिमा जोड दिनुभयो । श्री शेखावतले संस्कृति समाजको "जीवन र रगत" हो जसले राष्ट्रिय एकता कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्छ भन्नुभयो। उनले जाकिर हुसेन लगायतका महान कलाकारहरूलाई शास्त्रीय संगीतमा आजीवन समर्पण गरेकोमा श्रद्धाञ्जली पनि अर्पण गर्नुभयो। भारतमा आज परम्परागत मूल्यमान्यतालाई आधुनिक प्रभावसँग मिसाएर सांस्कृतिक पुनरुत्थान भइरहेको केन्द्रीय मन्त्रीले थप भन्नुभयो ।कार्यक्रमको एक भागको रूपमा, श्री शेखावतले भारतीय शास्त्रीय कलाको सम्पदा मनाउने विशेष प्रदर्शनीको पनि उद्घाटन गर्नुभयो।

************

**वर्षको अन्त्य - व्यापार पदोन्नति**

आकाशबाणीले आफ्नो विशेष वर्ष-अन्त श्रृंखलामा 2024 को हाइलाइटहरू प्रस्तुत गर्दैछ। यसै शृङ्खलामा आज वाणिज्य तथा उद्योग मन्त्रालयका उपलब्धिहरू उल्लेख गर्नेछौं। हाम्रो संवाददाताले यस वर्ष उद्योग प्रवर्द्धन र आन्तरिक व्यापार विभागले आत्मनिर्भर र विश्वव्यापी प्रतिस्पर्धात्मक भारत निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको बताएको छ। मन्त्रालयले स्टार्ट-अप इकोसिस्टमलाई प्रवर्द्धन गर्ने, रसदलाई सुव्यवस्थित गर्ने र एफडीआई प्रवाह बढाउने उद्देश्यले उत्पादन लिङ्क गरिएको प्रोत्साहन योजनाको क्षेत्रमा प्रमुख उपलब्धिहरू हासिल गरेको छ।

************

**जयशंकर यात्रा**

विदेशमन्त्री डा एस. जयशंकर आजदेखि ६ दिने अमेरिका भ्रमणमा जानु हुनेछ। यस अवधिमा उहाँले त्यहाँका आफ्ना समकक्षी नेताहरूसँग भेटघाट गर्नुका साथै प्रमुख द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नु हुनेछ। डा जयशंकरले अमेरिकाका लागि भारतीय महावाणिज्य दूतको सम्मेलनको पनि अध्यक्षता गर्नु हुनेछ।

************

**गुजरात मण्डाविया**

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले भोलि गुजरातको वडोदरामा माई भारत गुड गवर्नेंस पद यात्रालाई झण्डा देखाई शुरु गर्नु हुनेछ। पुर्व पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको जन्मदिनको अवसरमा यो ८ किलोमिटर यात्रा

आयोजना गरिएको हो। यस अवसरमा केन्द्रीय युवा मामिला तथा खेलकुद राज्यमन्त्री रक्षा खडसेको पनि उपस्थिति रहनेछ। यस पदयात्रामा १५ हजार विद्यार्थी सहभागी हुने अपेक्षा गरिएको छ। यो कार्यक्रम भारतीय संविधानको ७५ औँ वर्षगाँठको वर्षभरी मनाउने क्रममा आयोजना गरिएको हो।हाम्रो संवाददाताले जानकारी दिए अनुसार यो ती १२ वटा पदयात्रामध्ये एउटा हो। यो ८ किलोमिटर लामो यात्रा तनरीरी मंदिरबाट सुरु हुनेछ र प्रधानमन्त्री नरेन्द्र मोदीको जीवनसँग सम्बन्धित विभिन्न ठाउँहरू हुँदै त्यही समाप्त हुनेछ। पदयात्राका क्रममा तोकिएका स्थानमा सांस्कृतिक कार्यक्रम हुनेछन्। यी कार्यक्रममा अटल बिहारी वाजपेयीको जीवन र विरासत मनाइनेछ। पदयात्राले 'विकसित भारत २०४७' निर्माणमा संवैधानिक मूल्यमान्यताको महत्त्वलाई जोड दिनेछ।

************

**प्रल्हाद - उपभोक्ता दिवस**

राष्ट्रिय उपभोक्ता दिवसको अवसरमा आज नयाँ दिल्लीमा आयोजित कार्यक्रमको अध्यक्षता केन्द्रीय उपभोक्ता मामिला मन्त्री प्रल्हाद जोशीले गर्नु हुनेछ। यस अवसरमा उहाँले उपभोक्ता अधिकार संरक्षणका लागि विभिन्न पहलको थालनी गर्नुहुनेछ। यस अवधि ई–नक्सा पोर्टल, आर्टिफिसियल इन्टेलिजेन्समा आधारित राष्ट्रिय उपभोक्ता हेल्पलाइन २.०, जागो ग्राहक जागो एप, जागृति एप र जागृति ड्यास बोर्ड सञ्चालनमा ल्याउने मन्त्रालयले जनाएको छ। कार्यक्रममा १३ प्रमुख ई-कमर्स कम्पनीहरूले उपभोक्ता सुरक्षा सुनिश्चित गर्ने प्रतिज्ञामा हस्ताक्षर गर्नेछन्। यस वर्षको राष्ट्रिय उपभोक्ता दिवसको नारा डिजिटलाइजेसन र भर्चुअल माध्यमबाट न्याय प्रदान गर्ने रहेको छ।

************

**उपभोक्ता मामिला अनुप्रयोग**

राष्ट्रिय उपभोक्ता दिवसको अवसरमा आज उपभोक्ता मामिला विभागले जागो ग्राहक एप, जागृति एप र जागृति ड्यासबोर्ड सार्वजनिक गर्ने भएको छ। यी सबै एपहरूको उद्देश्य भनेको अनलाइन ठगी र जालसाजी गतिविधिहरू विरुद्ध स्वोमोटो संज्ञान र कारबाही गर्न केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरणको दक्षता बढाउनु हो। जागो ग्राहक जागो एपले उपभोक्ताहरूलाई तिनीहरूको अनलाइन गतिविधिहरूमा सबै युनिफर्म रिसोर्स लोकेटरहरू (यूआरएलहरू) बारे आवश्यक ई-कमर्स जानकारी उपलब्ध गराउँछ र कुनै पनि URL असुरक्षित हुँदा सावधानी अपनाउन सचेत गराउँछ। जागृति एपले प्रयोगकर्ताहरूलाई URL हरू रिपोर्ट गर्न सक्षम बनाउँछ जहाँ उनीहरूलाई अवैध घोषित गरिएको एक वा बढी डार्क पैटर्नको उपस्थितिको शंका छ। यी रिपोर्टहरू सम्भावित समाधान र कारबाहीका लागि केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरणमा उजुरीहरूको रूपमा दर्ता हुनेछ।

************

**नेपाल खोप**

नेपालको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ग्लोबल एलायन्स फर भ्याक्सिन एण्ड इम्युनाइजेसन-जीएभीआईबाट सर्वाइकल कैंसर विरुद्धको मानव प्यापिलोमाभाइरस–एचपीभी भ्याक्सिन आयात गरिरहेको छ। GAVI ले नेपाललाई १७ लाखभन्दा बढी खोप उपलब्ध गराउने छ। हाल चार लाख ६६ हजार ९ सय ४० डोज भ्याक्सिन आइपुगेको छ, जसलाई काठमाडौं उपत्यकाको टेकुमा राखिएको छ, जहाँबाट विभिन्न प्रदेशमा पठाइनेछ। नेपाल सरकारले बालिकालाई सानै उमेरमा क्यान्सरबाट जोगाउन यही 5 फरवरी देखि खोप अभियानको घोषणा गरेको छ।

************

**NIA- खालिस्तानी गिरफ्तार**

राष्ट्रिय अनुसन्धान एजेन्सी-एनआईएले खलिस्तानी आतंकवादी लखबीर सिंह र गैंगस्टर बचित्तर सिंहका मुख्य सहयोगी जतिंदर सिंहलाई पञ्जाबमा आतंकवाद-सम्बन्धित षडयन्त्र मुद्दामा मुम्बईबाट पक्राउ गरेको छ। एजेन्सीका अनुसार पक्राउ परेका आतंककारी प्रतिबन्धित आतंकवादी संगठन बब्बर खालसा इन्टरनेशनलका सदस्य हुन्।

************